# ६० वर्ष





१९५१-२०११

# नेपाल एफएओ सहयोग

## भोक विहिन संसारका लागि

FAO
FIAT PANIS



फोटो लीबर्ड

# परिचय

नेपाल सन् १९५१ नोभेम्बर २१ मा संयुक्त राष्ट्रसंघ खाद्य तथा कृषि संगठन (एफएओ) को सदस्य राष्ट्र बनेको हो । तत्पश्चात् नेपाल र एफएओ बीच कृषि उत्पादन एवं ग्रामीण विकासमा सहकार्य हुँदै आएको छ । एफएओ नेपालमा कृषि र जलस्रोत विकासलाई केन्द्रविन्दु बनाउदै स्थलगत कार्यको थालनी गर्ने संयुक्त राष्ट्र संघीय निकायहरु मध्येको पहिलो हो ।

## कार्यक्षेत्र

एफएओ नेपाल निम्न कार्यक्षेत्र भित्र रहेर काम गर्दछ :

- प्रविधिमा पहुँच बढाउने ।
- नीतिगत विशेषज्ञता प्रदान गर्ने ।
- ज्ञान र सीपलाई कार्यक्षेत्रमा उतार्ने ।



## सहकार्यका प्रमुख क्षेत्रहरू

कृषि तथा ग्रामीण विकासको क्षेत्रमा गरिएको पारस्परिक सहयोगका ६० वर्षमा एफएओले करिब ३०० वटा परियोजनाहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्नुको साथ साथै उल्लेखनीय प्रतिफल हासिल गर्न सक्षम भएको छ । एफएओ भविष्यमा पनि यस्तै उत्साहका साथ काम गर्ने प्रतिवद्धता दोहोऱ्याउन चाहन्छ । ती परियोजना एंव कार्यक्रमले समेटेका क्षेत्रहरू निम्नानुसार छन्

- खाद्य तथा पोषण सुरक्षा
- कृषिसम्बन्धी नीति नियमहरू
- कृषिसँग सम्बन्धित योजना तथा तथ्याङ्क
- बागवानी विकास
- संस्थागत क्षमता अभिवृद्धि
- मानव संसाधन विकास
- दिगो जीविकोपार्जन
- लैँगिक/सामाजिक समावेशीकरण
- आप्रवासन र कृषि
- बाली विविधीकरण
- व्यवसायिक तरकारी तथा तरकारी बीउ उत्पादन





- जडिबुटी र सुगन्धित बाली
- एकीकृत शत्रुजीव व्यवस्थापन
- दुग्ध उत्पादन तथा विविधीकरण
- पशु आहार/चरण व्यवस्थापन
- प्रविधि विकास तथा प्रसार
- कृषि र गैरकृषि रोजगारी
- अन्तरसिमा पशुजन्य रोग रोकथाम र नियन्त्रण (पशु नश्ल सुधारसहित)
- कृषिजन्य बाली तथा वस्तुको उत्पादकत्व अभिवृद्धि
- कृषिका लागि सिंचाई व्यवस्थापन
- मत्स्यपालन
- कृषि बजार, बाली कटानी पछिको व्यवस्थापन तथा व्यापार
- खाद्य गुणस्तर नियन्त्रण
- सामुदायिक तथा कबुलियती वन व्यवस्थापन
- मसला बालीको विकास तथा प्रशोधन
- दैवी प्रकोप जोखिम व्यवस्थापन
- खाद्य असुरक्षा तथा दैवी प्रकोपबाट प्रभावित कृषकहरूलाई आपत्कालिन सहायता
- जलवायु परिवर्तन र अनुकूलन

# ६ दशकका उपलब्धिहरू



## दुग्ध विकास

नेपालमा सम्पन्न भएका विभिन्न कार्यक्रमहरूका उपलब्धीमध्ये दुग्ध क्षेत्रबाट प्राप्त परिणाम निःसन्देह उत्कृष्ट रहेको छ । नेपाल एफएओको सदस्य भएको केही समय पश्चात् नै लाङटाङ र थोडुङ्गामा चिज उत्पादन कारखाना स्थापनार्थ एफएओले नेपाल सरकारलाई विशेषज्ञ सेवा प्रदान गरेको थियो । यो प्राविधिक सहयोग नै नेपाल र एफएओबीच स्थानीय तहमा शुरुवात गरिएको पहिलो सहयोग हो ।

आज, नेपालका दुर्गम पहाडी क्षेत्रहरूमा एक दर्जनभन्दा बढी चिज कारखानाहरू सञ्चालित छन् । यसले दुग्ध उत्पादनको महत्व बढाउनुका साथै उक्त क्षेत्रमा उत्पादित दूधको बजारीकरणलाई सहज पनि बनाएको छ । एफएओको प्राविधिक सहयोगमा कार्यान्वयन गरिएका परियोजनाहरूले आमरूपमा दुग्ध पदार्थको प्रवर्द्धन र बजारीकरणमा उल्लेखनीय योगदान पुर्‍याइरहेका छन् । यसले संचालन गरेका अन्य कार्यक्रमहरूले सुरक्षित दुग्ध उत्पादन, प्रविधि विकास र दूध दिने गाईहरूको वंशाणु सुधारतर्फ लक्षित गरी दुग्ध विकास क्षेत्रमा थप टेवा प्रदान गरेको छ ।

# मत्स्यपालन

खाद्य उत्पादन तथा आयआर्जन गर्ने मत्स्यपालन व्यवसाय एफएओको सहयोगमा फड्को मार्न सफल भएको अर्को महत्वपूर्ण क्षेत्र हो । सुरुको चरणमा एफएओले पोखरीको न्यानो पानीमा मत्स्यपालनको सम्भाव्यता अध्ययनका लागि तालिम तथा प्राविधिक सहयोग प्रदान गरेको थियो । प्रारम्भिक दिनहरुमा दुग्ध उद्योग जस्तै मत्स्य व्यवसायका लागि पनि बजार उपलब्ध हुन सकेको थिएन । एफएओले थालनी गरेको तिनै प्रयासबाट मत्स्य विकास कार्यक्रम विस्तार हुदै जाने क्रममा नेपालले अहिले यसलाई राष्ट्रिय स्तरको कार्यक्रमको रुपमा स्थापित गर्न सकेको छ ।

नेपालमा मत्स्यपालन व्यवसायलाई आधुनिक तथा सुदृढ बनाउन एफएओले विशेषज्ञ सेवा एवं प्रविधि बिस्तार जस्ता सहयोग कार्यक्रमलाई निरन्तरता प्रदान गर्दै आएको छ ।



# सामुदायिक तथा कबुलियती वन

विशेषतः ग्रामीण समुदायमा वन विनासका कारण हुँदै आएको पर्यावरणीय ह्रास नेपालका लागि मुख्य चासोको बिषय बनेको छ । यस परिस्थितिको सामना गर्नका लागि एफएओले ती समुदायहरूलाई वन विकासका कार्यक्रममा सहभागी गराउँदै आत्मनिर्भर बन्न सहयोग पुऱ्याएको छ । नेपालको सामुदायिक वन अन्तर्राष्ट्रिय स्तरमै प्रशंसनीय कार्यक्रम बनेको छ, जसबाट लगभग १८,००० वन उपभोक्ता समूह लाभान्वित हुँदै आएका छन् ।

कबुलियतमा ४० बर्षका लागि वन उपयोग गर्न दिने प्रावधान सहित संचालन गरिएको कबुलियती वन तथा पशुपालन कार्यक्रमले गरिबीको रेखा मुनि रहेका भूमिहिन, सीमान्तकृत किसानहरुको जीवन उकास्नमा नयाँ आयम थप्न सफल भएको छ । यस कार्यक्रमले समुदायहरूलाई वातावरणीय र आर्थिक लाभ प्राप्त गर्ने अवसर प्रदान गरेको छ । हाल एफएओले कबुलियती वन परियोजना कार्यान्वयनका लागि आवश्यक प्राविधिक सहयोग उपलब्ध गराइरहेको छ ।





# जलाधार क्षेत्र व्यवस्थापन

सन् १९६० को मध्यतिर त्रिशुली जलाधार क्षेत्र विकास एवं संरक्षणका लागि उपयुक्त मार्गचित्र तयार गर्न एफएओबाट विशेषज्ञ सेवा प्रदान गरी जलाधार क्षेत्रमा सहकार्यको शुरुवात गरिएको थियो । एफएओबाट भएका यी प्रयासहरुलाई नेपालका कैयौं जलाधार क्षेत्रहरूको विस्तृत लेखाजोखा गर्ने क्रममा अनुशरण गरिएका थिए ।



## तरकारी र तरकारी बीउ उत्पादन

यस क्षेत्रमा एफएओले गरेको सहकार्यको प्रयास सन् १९७० को अन्त्यतिर तालिम मार्फत शुरु भएको थियो र यसले त्यसपछिका १५ वर्षसम्म निरन्तरता पायो । आंशिक रुपमा यिनै प्रयासका कारण नेपालले अहिले तरकारीको अधिकांश माग आन्तरिक उत्पादनबाट पूरा गर्न सक्षम भएको छ भन्न सकिन्छ । यसको साथै यो अवस्थामा पुऱ्याउनमा उत्साहित निजी क्षेत्र एवं यसले आवश्यक पूर्वाधार विकासमा नेपाल सरकारबाट पाएको थप सहयोगको योगदान रहेको छ ।

# एकीकृत शत्रुजीव व्यवस्थापन

हानिकारक रासायनिक विषादीको अत्यधिक प्रयोग भन्दा मित्र जीव र जैविक-विषादीको प्रयोग गरी बाली बिरुवालाई त्यसमा लाग्ने रोग, कीरा, झारपात, आदिबाट संरक्षण गर्ने तरिका नै एकीकृत शत्रुजीव व्यवस्थापन विधि हो ।

धान र तरकारी उत्पादन गर्दै आइरहेका साना किसानहरूलाई एकीकृत शत्रुजीव व्यवस्थापन विधिका बारेमा शिक्षित गराउँदै समुदायलाई दीगो रुपमा बाली विरुवामा रोगकीराको जोखिम व्यवस्थापन गर्न एफएओले सन् १९९७ देखि सरकार, ग्रामीण समुदाय तथा विकास साझेदारहरूसँग सहकार्य गर्दै आइरहेको छ ।

यो अवधारणाले किसानहरुलाई वित्तीय नोक्सानी घटाउन र सामान्य रुपमा पाइने विषादीको प्रयोगबाट मानवीय स्वास्थ्यस्थितिमा पर्ने नकारात्मक प्रभाव र वातावरणीय क्षति न्यूनीकरण गर्नमा मद्दत पुऱ्याएको छ ।





# मौजुदा साझेदारी क्रियाकलापहरू

हाल नेपाल एफएओका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका करिब १५० जना कर्मचारीहरू निजी र गैरसरकारी क्षेत्रका साथै सरकारी समकक्षी अधिकारीहरूसँग साझेदारी गरिरहेका छन् । एफएओको कूल कार्यक्रमिक बजेट हाल ४ करोड अमेरिकी डलर रहेको छ ।

एफएओले नेपालभर आफ्नो सहयोग विस्तार गर्ने कार्यलाई निरन्तरता दिइरहेको छ । यसले कृषि ,वन, जलवायु परिवर्तन, एभियन इन्फ्लुएन्जा र अन्तरसिमा पशु रोगको नियन्त्रण तथा रोकथामलगायतका क्षेत्रमा काम गरिरहेको छ । यसको साथै संगठनले प्राकृतिक प्रकोपको समयमा आपत् कालिन मानवीय सहायता तथा पुनर्स्थापन कार्यमा सहयोग पुऱ्याउन उल्लेखनीय भूमिकासमेत निभाएको छ ।



# साझेदारहरू

एफएओले कृषि तथा ग्रामीण क्षेत्रको विकासमा सरकारलाई सहयोग पुऱ्याउने काममा मानवीय एवं वित्तीय सहयोग परिचालन गर्नका लागि राष्ट्रसंघीय निकायहरू, द्विपक्षीय तथा बहुपक्षीय निकायहरू, वित्तीय संस्थाहरू, अन्तर्राष्ट्रिय एंव राष्ट्रियस्तरका नागरिक समाज र गैरसरकारी संस्थाहरूसँग विशाल साझेदारी कायम गरेको छ । यस अवधिमा एफएओ नेपालको प्राविधिक सहयोग कार्यमा संलग्न भएका मुख्य साझेदारहरू निम्नानुसार छन् ।

- एसियाली विकास बैंक
- कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष
- विश्व बैंक
- ट्रस्ट फण्डका दाताहरू
- यु एस एड
- संयुक्त अधिराज्य
- यूरोपीय आयोग
- अष्ट्रेलिया
- बेल्जियम
- चीन
- डेनमार्क
- फिनल्याण्ड
- जर्मनी
- इटली
- जापान
- न्यूजिल्याण्ड
- नर्वे
- स्वीडेन
- स्वीजरल्याण्ड
- नेदरल्याण्ड



# भावी कार्यदिशा

देशभित्र विकासका क्रियाकलापहरू प्रतिको राष्ट्रिय अपनत्वलाई सुनिश्चित गर्न एफएओ नेपाललाई राष्ट्रिय कृषि क्षेत्र विकासका प्राथमिकता (National Agriculture Sector Development Priority–NASDP) र राष्ट्रिय कार्यक्रम ढाँचा (Country Programme Framework–CPF) जस्ता कार्यक्रममुखी अवधारणा तर्जुमा गर्नमा सहयोग पुर्‍याउँदै आएको छ । उल्लेखित अवधारणा तयार गर्ने क्रममा कृषि विकासका लागि पहिचान गरिएका महत्वपूर्ण क्षेत्रहरू निम्न अनुसार रहेका छन् ।

- खाद्य तथा पोषण सुरक्षाको अभिवृद्धि
- सुधारिएको प्रविधि तथा उपकरणको प्रयोगलाई प्रोत्साहन
- स्वच्छ वातावरणको प्रवर्द्धन
- प्रतिस्पर्धा र बजार उन्मुख गतिविधिको प्रवर्द्धन
- दीगो प्राकृतिक स्रोत संरक्षण तथा उपयोग
- पूर्वाधार सहयोग सम्बन्धी सुविधाको विकास
- कृषिमा लैङ्गिक समावेशीकरणलाई बढावा
- कृषक श्रमिकको आप्रवाशनले पारेको प्रभावको व्यवस्थापन
- प्राकृतिक प्रकोपको जोखिमता न्यूनीकरण र सर्तकता

उल्लेखित प्राथमिकता प्राप्त कार्यक्षेत्रले भविष्यमा नेपाल सरकारलाई एफएओ नेपालबाट दिइने सहयोगलाई निर्देशित गर्नुको साथै दीर्घकालीन कृषि विकास रणनीति र राष्ट्रिय खाद्य तथा पोषण सुरक्षा योजना तर्जुमाका लागि सन्दर्भ सामाग्रीका रूपमा टेवा पुर्‍याउनेछ ।



# नेपालमा एफएओका आवाशीय प्रतिनिधिहरू

एफएओ आवाशीय प्रतिनिधिको कार्यालय सन् १९७७ मा काठमाडौंमा स्थापना भएको थियो । सन् १९५१ देखि १९७६ सम्म चारजना वरिष्ठ कृषि सल्लाहकार र आवाशीय प्रतिनिधिहरूले नेपाली टिमको नेतृत्व गरेका थिए । हालसम्म नेपालमा निम्न आवाशीय प्रतिनिधिहरूले सेवा पुर्‍याएका छन् :

१. १९७७ देखि १९७९ सम्म लार्स स्टेनस्टोर्म, स्वीडेन

२. १९७९ देखि १९८२ सम्म जीन मास्रेमेरी, फ्रान्स

३. १९८३ देखि १९८५ सम्म जर्ज एक्सिन, अमेरिका

४. १९८६ देखि १९८८ सम्म हेन्री आर स्टेन्नेट, जमैका, का.वा.

५. १९८८ देखि १९९३ सम्म एस.एस. महडी, भारत

६. १९९४ देखि १९९८ सम्म रिचार्ड टि. वुर्सटर, अमेरिका

७. १९९८ देखि २००२ सम्म विन्स्टन आर रुडर, ट्रिनिडाड

८. २००२ देखि २००६ सम्म काजुयकी सुरुमी, जापान

९. २००६ देखि २०११ सम्म बुई थि लान, भियतनाम

२००३ देखि २०११ सम्म लक्ष्मण कुमार गौतम, **सहायक (कार्यक्रम) एफएओ प्रतिनिधि**

२०१० देखि हालसम्म सोनाम धारग्वा गेन्पो, **सहायक (प्रशासन) एफएओ प्रतिनिधि**

*थप जानकारीको लागि*

एफएओ आवाशीय प्रतिनिधिको कार्यालय,
नेपाल खाद्य तथा कृषि संगठन( एफएओ)
यूएन हाउस, पुल्चोक, ललितपुर
पो.ब.नं.२५ काठमाडौं, नेपाल
फोनः ९७७-१-५५२३२३९
फ्याक्स : ९७७-१-५५२६३५८
ई-मेल : FAO-NP@fao.org
ईण्टरनेटः www.fao.org/world/Nepal

एफएओ क्षेत्रीय कार्यालय
एशिया तथा प्रशान्त क्षेत्र
मलिवान मेनसन, फ्रा अतित रोड
बैंङ्कक, १०२००, थाइल्याण्ड
फोनः ६६-२-६९७४०००
फ्याक्सः ६६-२-६९७४४४५
ई-मेलः MFAO-RAP@fao.org
ईण्टरनेटः www.fao.org/world/regional/rap

एफएओ प्रधान कार्यालय
भिएले डेल्ले टर्मे डि काराकाला
००१०० रोम, इटली
फोनः ३९-६-५७०५१
फ्याक्सः ३९-६-५३१५२
ईण्टरनेटः www.fao.org

खाद्य तथा कृषि संगठन (एफएओ)
एफएओ आवाशीय प्रतिनिधिको कार्यालय, नेपाल
अक्टोबर २०११

design&printproduction: wps,tel 01-5555989 printnepal@gmail.com